दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १८६ | बुटवल | २०८२ असार १८ गते, बुधबार | नेपाल संवत १९४५ | Wednesday July. 02, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
हाइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## झोलुङ्गे पुलले फेरियो सुस्ताका महिलाको दैनिकी



**विष्णु खनाल**
*नवलपरासी*

'हिजोका दिनमा तरकारी त फलाउँथ्यौं, तर बेच्नै सक्दैन थियौं, सबै गाईबस्तुलाई खुवाएर खेर जान्थ्यो ।'- सुस्ताकी किसान सुशिला कोइरी भावुक हुँदै भन्छिन् । तर अहिले उनी हरेक बिहान डोकोमा तरकारी बोकेर नजिकको बजार जान्छिन्, त्यो पनि मुस्कानसहित । यो परिवर्तनको मुख्य कारण हो, झोलुङ्गे पुल । सुस्ता गाउँपालिकामा एक वर्षअघि निर्माण भएको यो पुल अहिले गाउँका महिलाका लागि नयाँ सम्भावनाको द्वार बनेको छ । विशेषगरी महिलाहरूको जीवनशैलीमा आएको परिवर्तनले यो पुललाई 'अर्थतन्त्रको सेतु' को रूपमा चिनिन थालेको छ ।

एक हजार पाँच सय ७१ मिटर लामो र एक मिटर ६० सेन्टिमिटर चौडाइको पुलले सुस्ता वडा नम्बर ५ को दायाँ किनारमा रहेको सकरदिनही र बायाँ किनारमा रहेको सुस्ता गाउँलाई जोडेको छ । निर्माण कम्पनी त्रिशूली आश्रय जेभी कन्स्ट्रक्सले साढे २३ करोड रुपैयाँको लागतमा पुल निर्माण सम्पन्न गरेको थियो ।

सुस्ताका ग्रामीण भेगका महिलाहरूले विगतमा खेतबारीमा तरकारी उत्पादन भए पनि बजार पुऱ्याउन नसक्ने बाध्यता भोगिरहेका थिए । बजार जाने बाटो टाढा थियो, अनि नारायणी तर्नु नै ठूलो जोखिम थियो । वर्षायाममा नदी तर्नु त झन् प्राणघातक बन्थ्यो । गाउँका केही पुरुषहरु तरकारी बेच्न भारतीय बजार त पुग्थ्ये, तर भारतीय बजार गएता पनि आत्मसम्मान र उचित मूल्य भने पाउँदैनथ्ये । तर झोलुङ्गे पुल बनेसँगै, यी महिलाहरूको हिम्मत बढेको छ ।

'मैले स्कुल पढ्न भने पाइन्, तर आफ्ना बच्चालाई भने धेरै पढाउने रहर छ,' सुशिलाले भनिन्-'मलाई पढ्न मन धेरै थियो पढ्न पाएन, तीन बटा छोरा छन् उनीहरुलाई धेरै पढाउन मन छ । बुढाको कमाई घरको खर्चमै ठिक्क हुन्छ । तरकारी खेती होस् या उखु सबै काममा सँगै हिंड्छु मेहनत गर्छु, आफू पनि आम्दानी गर्न सकेपछि कसैसँग पैशा माग्न पर्दैन् अनि कसैले पनि हेप्दैनन् ।'

सुशिला केरा खेती गर्ने तयारी गर्दैछिन् । घरमा नै टिस्यूकल्चर प्रविधिबाट तयार गरिएका केराका बिरुवा राखिएका ट्रेले उनको पिढी ढाकिएको छ । भदौ असोजमा तयार हुने केरा त्यसमा चार्डपर्वको समयमा माग पनि बढी हुने कोइरी बताउँछिन् ।

१५ वर्षीया सरिता हरिजनलाई नेपाल प्रहरी भएर नेपाली जनताको रक्षासँगै देशको सीमा रक्षा गर्ने ठूलो रहर छ । उनी अहिले कक्षा ९ मा अध्ययनरत छिन् । नारायणी पारीको सुस्ता भूमिमा उनको घर छ । भारतीय अतिक्रमणसँगै आफ्नै देश नेपाल आउन पनि भूमिको बाटो भएर हिंड्न बाबुआमाले भोग्नु परेको पीडाले उनलाई देशको सीमा रक्षा गर्ने नागरिक बन्न मन छ । उनी भन्छिन्-'बिना बर्दि बुबा आमाले देशको सीमा रक्षा गर्नु भो, अब मलाई बर्दि नै लगाएर देशको सीमा रक्षा गर्ने ठुलो सपना छ ।'

सुस्तामा पुल बन्नु अघिसम्म माध्यमिक तह पढ्ने विद्यार्थीहरूका लागि तीनवटा विकल्प थिए–डुङ्गाबाट नदी तरेर वारिपट्टिको विद्यालय जानु, सीमावर्ती भारततर्फको विद्यालय जानु, वा पढाइ नै छाड्नु । २४ वर्षीया राजमती हरिजन सम्झिन्छिन्-'हामी बिहान ५ बजे उठ्थ्यौं, डुङ्गा कुरेर पारि पुग्थ्यौं । कहिलेकाहीँ खोला बढेपछि स्कुल नै जान पाइँदैनथ्यो । डर पनि लाग्थ्यो ।' अहिले उनी पुलको बाटो हुँदै स्नातक तहको पढाइका लागि त्रिभुवन क्याम्पस बेलाटारी आउँछिन् ।

सुरक्षित बाटोमा हिँडेर विद्यार्थीहरू नियमित रूपमा माध्यमिक तहसम्मको पढाइ गर्न थालेका छन् । आधारभूत तहपश्चात् शतप्रतिशत विद्यार्थीहरु विद्यालय शिक्षालाई निरन्तरता दिएको सुस्ता गाउँपालिकाका शिक्षा शाखा प्रमुख चन्द्रबहादुर ठाडा मगरले बताए । उनी भन्छन्-'पुलले गर्दा विद्यार्थीको नियमित उपस्थिति बढेको छ । खासगरी किशोरीहरू बढी सुरक्षित महसुस गर्छन्, जसले स्कुल बिचमै छाड्ने दर घटेको छ ।' अब स्थानीय सरकार पनि पुल आसपासका बस्तीहरूलाई लक्षित गर्दै शिक्षामा पहुँच विस्तार गर्ने योजनामा लागेको छ । जनता आधारभूत विद्यालय सुस्तामा कक्षा ८ पास गरेर छाडेकाहरू पनि पुनः पढाइमा फर्किएका छन् । नुरजहान खातुन कक्षा ८ पास गरेपछि २ वर्ष घरमै बसीन्, पुल बनेसँगै अहिले उनी श्री बीपी मावि बलिनगर मा कक्षा ९ मा पढ्दै छिन् । उनी भन्छिन्-'पहिला बाटो थिएन्, अब पुल बनेपछि म फेरि स्कुल जान पाएकी छु । मैले छाडेको पढाइ फेरि निरन्तर भएको छ ।'

झोलङ्गे पुलका कारण केवल आर्थिक मात्र होइन, स्वास्थ्य सेवामा पनि सुधार आएको छ । आर्थिक २०७९/०८० मा ६ जना गर्भवती महिलाहरु घरमै सुत्केरी भएका थिए, आर्थिक वर्ष २०८०/०८१ मा १ जना गर्भवती महिला चिकित्सकीय सहयोगसहित घरमै सुत्केरी भएकी थिइन भने यस आर्थिक वर्ष २०८१/०८२ मा भने घरमा सुत्केरी हुने महिलाको संख्या शून्य रहेको सुस्ता आधारभूत स्वास्थ्य चौकीका प्रमुख अशोक कुर्मी चौधरीले बताए । 'अहिले गर्भवती महिलाहरू सजिलै स्वास्थ्य संस्था आउँछन् रिफर गर्नुपर्ने बिरामीहरु पक्लिहवा, सेमरी र परासी जाने गरेका छन् । पुल पारिसम्म मोटरसाइकल र स्टेचर लैजाने गरेको छ । स्वास्थ्य चौकीका लागि आवश्यक औषधिहरु ल्याउनका लागि अहिले निकै सहज भएको कुर्मी बताउँछन् ।

पुल हेर्न आन्तरिक र बाह्य पर्यटकको संख्या समेत बढ्दै गएको छ । शनिबार, सार्वजनिक बिदाको दिन, चार्डपर्व विशेषमा नेपाल तथा भारतबाट पुल हेर्न आउने पर्यटकको संख्या भने बढ्दो छ ।

» *बाँकी ३ पेजमा*

## निजामती सेवा विधेयकमा गम्भीर जालझेल

**लुम्बिनी संवाददाता**
*बुटवल*

निजामती सेवा विधेयकमा गम्भीर जालझेल भएको छ । विधेयकमा रहेको कुलिङ पिरियडसम्बन्धी प्रावधानमा चलखेल भएको हो । यस विषयमा सांसदहरूले संसद्को राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाको राजीनामा माग गरेका छन् । उनकै मिलेमतोमा सांसदलाई समेत झुक्याएर उच्च प्रशासकको हकमा कुलिङ पिरियड लागू नहुने गरी शब्द थपिएको आरोप लागेको छ ।

यस विषयमा सभामुख देवराज घिमिरे र राज्य व्यवस्था समितिका सांसदहरूबिच मंगलबार बिहान छलफल भएको छ । जसमा सांसदहरूले गम्भीर आपत्ति जनाउँदै छानबिनको माग गरेका हुन् । सभामुख घिमिरेले छानबिन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

माओवादी र राष्ट्रिय स्वतन्त्र पार्टीले सभापति खतिवडाको राजीनामा माग गरेका छन् । माओवादी केन्द्रका सांसद माधव सापकोटाले सभापतिकै हस्ताक्षर रहेकाले उनी जिम्मेवार हुने बताए । उनले भने-'उहाँको संलग्नता छ भने कानुनी हिसाबले पनि गम्भीर कुरा हो । उहाँको संलग्नता छैन भने नैतिक रूपमा उहाँले हस्ताक्षर गरेकोभन्दा बाहिरको कुरा कहाँबाट आउँछ ? त्यसैले समितिको सभापति र सचिवले राजीनामा दिनुपर्छ ।'

माओवादी केन्द्रका सांसद जनार्दन शर्माले सार्वभौम संसदमाथि गम्भीर अपराध भएकाले छानबिन गर्नुपर्ने बताएका छन् । संसदको उपहास गर्नेगरी, सांसदको सार्वभौम अधिकारको उपहास गर्नेगरी तुच्छ षड्यन्त्र र बदमासीपूर्ण काम भएको शर्माले बताए ।

छलछाम गरेर कानुनमै हेराफेरी आउने अवस्था आएमा जनताले व्यवस्थापिका र कानुनप्रति कसरी विश्वास गर्ने गम्भीर प्रश्न उठेको पनि उनले बताए ।

» *बाँकी ३ पेजमा*






## उपभोक्ताको हकहितविरुद्ध डाक्टरहरू आन्दोलनमा

बुटवल । उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी पछिल्ला मुद्दामा सुनाएको फैसलाले नेपाल मेडिकल काउन्सिलको क्षेत्राधिकारमाथि हस्तक्षेप भएको भन्दै नेपाल चिकित्सक संघले विरोध गरेको छ । साथै, आन्दोलनका कार्यक्रम पनि घोषणा गरेको छ ।

संघले देशभरका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई असार १७ गतेदेखि कालोपट्टी बाँधेर सेवा दिन आह्वान गरेको छ ।

चिकित्सक संघले सरोकारवाला निकायहरूसँगको परामर्शपछि चरणबद्ध आन्दोलन गर्ने रणनीति बनाएको हो । संघले सोमबारको विभिन्न अस्पतालका प्रमुखसहित एसोसिएसन अफ प्राइभेट मेडिकल एण्ड डेन्टल कलेज अफ नेपाल, अफिन, नेपाल औषधी उत्पादक संघ, नेपाल नर्सिङ एसोसिएसन, चिकित्सक समाजलगायतका संस्थाका प्रमुख तथा प्रतिनिधिसँग छलफल गरी चिकित्सकीय लापरबाहीसम्बन्धी उजुरी काउन्सिलमार्फत हेर्नुपर्ने निष्कर्ष निकालेको जनाएको छ ।

संघका महासचिव डा. सञ्जिव तिवारीको संयोजकत्वमा टास्क फोर्स गठन गर्ने निर्णय पनि गरिएको छ ।

जसमा विभिन्न स्वास्थ्य संघसंस्थाका प्रतिनिधि रहनेछन् । सो टास्क फोर्सले सरकारका सम्बन्धित निकायसँग छलफल गरी चिकित्सा पेशाको स्वतन्त्रता र उत्तरदायित्व जोगाउन आवश्यक दबाब दिने योजना बनाइएको छ । असार १९ गते पुनः सरोकारवाला संस्थाहरूसँग बैठक गरी आगामी संघर्षका थप कार्यक्रम तय गरिने संघले जनाएको छ । संघले कानुन संशोधनमार्फत चिकित्सकीय मुद्दा हेर्ने अधिकार मेडिकल काउन्सिलमा मात्रै सीमित गरिनुपर्ने माग गर्दै आवश्यक परे थप कडा आन्दोलनका कार्यक्रम ल्याउने चेतावनीसमेत दिएको छ ।

केही साता यता मात्रै उपभोक्ता अदालतले उपचारमा लापरबाही गरेको मुद्दामा ओम अस्पतालले ५० लाख ७० हजार, हिमाल अस्पताल र उपचारमा सम्लग्न चिकित्सकले १ करोड ४५ लाख रुपैयाँ र ग्राण्डी सिटी अस्पताल र त्यहाँ उपचारमा कार्यरत चिकित्सकले ५७ लाख रुपैयाँ क्षतिपूर्ति बिरामी पक्षका परिवारलाई तिर्नुपर्ने फैसला गरेको थियो । उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी पछिल्ला मुद्दामा सुनाएको फैसलाले नेपाल मेडिकल काउन्सिलको क्षेत्राधिकारमाथि हस्तक्षेप भएको भन्दै नेपाल चिकित्सक संघले विरोध गरेको छ । साथै, आन्दोलनका कार्यक्रम पनि घोषणा गरेको छ ।

संघले देशभरका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई असार १७ गतेदेखि कालोपट्टी बाँधेर सेवा दिन आह्वान गरेको छ ।







# सम्पादकीय

## संसदीय छानबिन गर

संघीय निजामती विधेयक संघीय संसदको राज्य व्यवस्था समितिबाट पारित हुँदा एउटा र प्रतिनिधिसभाबाट पारित भएको विधेयकमा अर्कै विषय आउनु सार्वभौम संसदको अपमान हो। सिंगो संसदलाई गुमराहमा राखेर विधिविपरीत जुन चलखेल भयो, यसले सार्वभौम संसदको बदनाम गराएको छ। स्वार्थ समूह सबैतिर कसरी प्रवेश गरिरहेका छन् भन्ने यो एउटा गतिलो उदाहरण हो।

संघीय निजामती विधेयकको दफा ८२ को उपदफा ४ मा 'कुलिङ अफ पिरियड' राखिएको छ भने उपदफामा यसलाई निष्प्रभावी बनाइयो। 'कूलिङ अफ पिरियड' आवश्यक हो भन्ने व्यापक बहस भई निष्कर्षमा पुगेको विषय हो। यो व्यवस्थाप्रति असहमति जनाउँदै मुख्यसचिवसहितका उच्च प्रशासक सभामुख, प्रधानमन्त्री, सत्तारूढ कांग्रेस सभापतिकहाँ लविङ गर्न पुगेकै थिए। मूलतः कुलिङ पिरियड राख्दा जिम्मेवारी वहन गर्दा उच्च प्रशासक गैरजिम्मेवार बन्दैनन्। र, स्वार्थ प्रेरित काम गर्दैनन् भन्ने विश्लेषण गर्दै राखिएको हो। अहिले सदनबाट पारित भएको विधेयक अर्कै आएपछि विधेयक पारित प्रक्रियामा प्रश्न उठेको छ। संसदमा गहन छलफल नहुने र कतिपय सांसदले के विधेयक पारित हुँदैछ भन्ने भेउ समेत पाएका हुँदैनन्। सचेतकहरूले ह्वीप जारी गरेपछि उनीहरू 'हुन्छ' या 'हुन्न' भनेर भन्ने भएकाले उनीहरुको विषयवस्तुप्रति गम्भीरता पनि देखिंदैन। संविधान संशोधनजस्ता केही विशेष प्रस्तावहरू निर्णयार्थ पेश गर्दा मात्र मतविभाजन गर्ने अर्थात् हस्ताक्षर गरेर विधेयक पारित गर्ने हाम्रो संसदीय अभ्यास छ। अरू विधेयक सभामा उपस्थितिको बहुमतले 'ध्वनि मत'बाट पारित गर्ने गरिएको छ। संसदीय प्रक्रियामै प्रश्न उठेकोले प्रक्रियामै सुधार गर्न अघि बढ्नुपर्छ।

संसदको राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडाले चलखेल गरेको आरोप लागेको छ। राज्य व्यवस्था समितिमा रहेका सत्तारूढ एमालेसहित विपक्षी दलका सांसदले उनको राजिनामा माग गरेका छन्। यद्यपी उनले आरोप गलत भएको बताउँदै आफूलाई पनि छानबिनको दायरामा ल्याइनुपर्ने माग गरेका छन्। विधेयकमा भएको यो बदमासीको संसदीय छानबिन हुनुपर्छ। संसदीय छानबिन गरी दोषी देखिएकालाई कारबाही गरी संसदको गरिमा बचाउनुपर्छ। संसदको गरिमा बचाउनु भनेको लोकतन्त्र, विधि र थितिलाई जोगाउनु हो।

# लोकतन्त्रलाई क्षतविक्षत पार्दै दलतन्त्र



सुशील गौतम

मेहनतका आधारमा मेरो प्रगति हुन्छ भन्ने आम जनतामा विश्वास दिलाउन, राज्यले जाति, वर्ग, समुदाय, लिङ्ग आदिको साथै निश्चित दलमा संलग्न भए वा नभएको आधारमा भेदभाव हुँदैन भन्ने व्यवहारमा नागरिकलाई विश्वास दिलाउन दलतन्त्रको समाप्ति अनिवार्य छ। यसले मात्र जनतामा राज्यप्रति गुमेको विश्वास पुनः स्थापना गर्दै, लोकतन्त्र र गणतन्त्रप्रति जनतामा उत्साह स्थापना गर्दै, लोकतन्त्र र गणतन्त्रलाई थप बलियो पार्नुको साथै दलतन्त्रलगायत अहिले देखिएको विकृतिको फाइदा उठाएर लोकतन्त्र, गणतन्त्रमाथि नै प्रहार गर्ने शक्तिहरुलाई कमजोर पार्नेछ।

लामो संघर्ष र ठूलो बलिदानपछि गणतन्त्र प्राप्त भएको दुई दशक पूरा नहुँदै आम जनतामा अस्वाभाविक स्तरको निराशा देखिएको छ। सामाजिक सञ्जाल हेर्दा होस् वा शहर, बजार, चियागफ अथवा गाउँको चौतारी चारैतिर जनतामा निराशा र आक्रोश देखा परेको छ। यो हदसम्मको निराशा कत्तिको उचित, व्यावहारिक वा तर्कसंगत हो ? त्यो फरक कुरा हो तर नेपाली समाजको धरातलीय यथार्थ यही हो। सत्तामा बस्ने सानो समुदायले स्थितिको यो परिदृश्य मूलभूतरुपमा सही तस्वीर हैन भन्ने कुरामा बेलामौकामा जोड नदिने होइनन् तर तिनै जब विपक्षमा पुग्छन् यही निराशा र आक्रोश भएको कुरालाई स्वीकार गर्न थाल्छन्।

लाखौं नेपाली जनतालाई नयाँ आशा, नयाँ उमंग र नयाँ सम्भावना बोकेर आएको लोकतान्त्रिक गणतन्त्रमा पनि नागरिक किन निराशा ? किन असन्तुष्ट ? के राजावादीहरुले भनेझैं व्यवस्थाप्रतिको मोह भंग हो ? वा व्यवस्थामा सानो अवधिमा नै विशालरुपमा झाँगिएका विकृतिप्रतिको असन्तुष्टि हो ? भन्ने प्रश्नमा धेरै समय खेर फाल्न जरुरी छैन। जनतामा व्याप्त निराशा वा असन्तुष्टि, लोकतन्त्र, गणतन्त्रविरुद्ध हैन, लोकतन्त्र र गणतन्त्रको नाममा राजनीतिक दल र नेतृत्वले गरेका तमाम विकृति, विषेशतः सुशासनको अभाव, सत्ता र शक्तिद्वारा हुने राज्यको चरम दोहन, राजनीतिक अस्थिरता, सिद्धान्तहीन गठबन्धन, राज्यका सबैजसो निकायमा चरम दलीयकरण र त्यस्ता विकृतिले स्वाभाविक रुपमा निम्त्याउने आर्थिक संकट, महँगी, बेरोजगारी आदि हुन्। यी तमाम विकृति र राजनीतिक नेतृत्वबाट त्यसको लगातार प्रयोगले जनतामा राज्यका निकाय र राज्यसञ्चालकप्रति नै विश्वासको संकटले पनि जनतामा निराशा बढाएको छ।

आम जनतालाई निराश, दुःखी, अपहेलित बनाउनुमा थुप्रै प्रमुख कारक तत्व छन्। ती मध्ये 'दलतन्त्र' पनि एउटा प्रमुख कारक तत्व रहेको छ। लोकतन्त्र भनेकै विचारको विविधता हो। भिन्न-भिन्न दृष्टिकोण, विचार, सिद्धान्त र परिकल्पना लोकतन्त्रमा स्वाभाविक मात्र छैन, अनिवार्य मानिन्छ। यस्ता समान विचार राख्नेहरु एक-आपसमा संगठित भएर दलको स्वरुप लिन्छन्। त्यसैले राजनीतिक दलहरु लोकतन्त्रका अनिवार्य पक्ष हुन्। आवधिक निर्वाचनमा ती जनताबीच एक-अर्काको विकल्पको रुपमा प्रस्तुत हुन्छन् र जसलाई जनताले अनुमोदन गर्दछन्, जनसम्मतिअनुसार संविधान, कानुन, लोकतान्त्रिक मूल्यका अधीनमा रहेर शासन गर्दछन्। लोकतन्त्रको मूल चरित्र भनेको राज्यको सबै क्षेत्रमा संविधानअनुसार जनताको सर्वोच्चता हो।

लोकतन्त्रमा दलहरुको भूमिका निकै महत्वपूर्ण भए पनि त्यो लोकतान्त्रिक मर्म चरित्र एवम् जनताको सर्वोच्चताको अधीनमा हुन्छ। जनताको सर्वोच्चताको अर्थ आवधिक निर्वाचनको बेला मात्र हैन, सधैंभरि नै हुने सर्वोच्चता हो। तर नेपालको स्थिति फरक छ। यहाँ संवैधानिक रुपमा लोकतान्त्रिक गणतन्त्र भए पनि आम नागरिकको अनुभवमा लोकतन्त्र कमजोर र दलतन्त्र बलियो छ। मुलुकका महत्वपूर्ण नीति निर्माण कार्यान्वयन औपचारिक वा देखावटीरुपमा संवैधानिक तरिकाले भए पनि वास्तविक रुपमा दल अझ ती दलका सीमित नेताहरुको मुठ्ठीमा छ।

संसद् संसद्जस्तो छैन। दलीय व्यवस्थामा संसद्मा हुने महत्वपूर्ण कुरामा दलको निर्देशन हुनु स्वाभाविक भए पनि हरेकजसो कुरामा दल र नेताको वर्चश्व अस्वाभाविक हो। समिति होस् वा फूल हाउस त्यहाँ सांसदहरु आफ्नो सर्वोत्तम विवेकको होइन, दलका कारिन्दाजस्ता देखिन्छन्। कुनै महत्वपूर्ण निर्णय लिनुपर्‍यो भने सिङ्गो संसद् एक भए पनि अन्तिम इशारा दल अझ यसका शीर्ष नेताको चाहिँदा यसले संसद्ले जनभावनाको प्रतिनिधित्व गर्ने संस्थाभन्दा 'दलतन्त्र' को लाचार छाया हुन पुगेको छ। संसदीय दलका बैठकहरु मुक्त छलफलको थलोभन्दा नेताले निर्देशन 'बक्स' हुने निर्जीव थलोजस्ता भएका छन्। भिन्न मत, वैकल्पिक मतलाई, दलभित्रको आन्तरिक लोकतन्त्रलाई दलतन्त्रले पूरै निषेध गरेको छ।

लोकतन्त्रको विषेशता भनेको कुनै पनि अंग आफैँमा एक्लै सर्वोच्च नहुने हो। त्यसैले यहाँ नियन्त्रण र सन्तुलनको लागि विभिन्न संवैधानिक अंगको व्यवस्था गरिन्छ। हाम्रो संविधानले पनि सोही परिकल्पनानुसार संवैधानिक अंगहरुको व्यवस्था गरेको छ, जसले गर्दा संवैधानिक अंगबीच नियन्त्रण र सन्तुलन राख्न सकून्। तर नेपालमा दलतन्त्रले लोकतन्त्रको यस प्रमुख र अनिवार्य विषेशतालाई पङ्गु गराइदिएको छ। सर्वोच्च अदालत र मातहतका अदालतहरु, न्यायपरिषद्, अख्तियार, निर्वाचन आयोगलगायत पार्टी राजनीतिबाट पूरै अलग हुनुपर्ने संस्थाहरु दलतन्त्रले गर्दा आफ्नो विश्वसनीयता आफैं कमजोर बनाएका छन्।

यी संस्थाहरुमा खुलेयाम निर्लज्जरुपमा फलानो पार्टीको कोटा भन्दै नियुक्ति हुन्छ। कोटाका लागि सत्तारुढ घटकबीच महिनौं सार्वजनिक रुपमा तानातान हुन्छ। सत्तारुढ दलहरु मात्र होइन, विपक्षी दलहरु पनि कोटाका लागि बार्गेनिङ गर्दछन्। कोटाबाट नियुक्त भएकाहरु स्वभाविक रुपले आफ्नो संवैधानिक दायित्वभन्दा कोटा प्रदान गर्ने दल र नेताप्रति जिम्मेवार हुन्छन्। त्यसरी नियुक्त भएकामध्ये कसैले स्वतन्त्ररुपमा कुनै काम गर्दा पनि आम जनतामा विश्वासको संकट कायमै रहन्छ। संवैधानिक अंग र त्यहाँ रहेका व्यक्तिहरुप्रति आम जनतामा विश्वासको संकट देखा पर्नु निकै खतरनाक हुन्छ र यसले मुलुकलाई अराजकतातर्फ लग्न सक्छ।

त्यसो त दलतन्त्रको हस्तक्षेपबाट राज्यका कुनै अंग पनि मुक्त छैनन्। विश्वविद्यालयजस्ता उच्च प्राज्ञिक संस्थाहरुका उच्च पदहरुमा नियुक्ति दलका कोटामा भागवण्डामा हुन्छन्। भागवण्डामा चित्त नबुझाउने दलले भ्रातृ संगठनलाई लगाएर तालाबन्दी, तोडफोडमा उत्रिन्छन्। दल निकट विद्यार्थी संगठन विद्यार्थी हकहितका लागि भन्दा दलतन्त्रको औजारका रुपमा प्रयोग भएका छन्। त्यसैले हिजोको गौरवमय विद्यार्थी आन्दोलनको पुरानो अस्मिता भंग भएको छ। विश्वविद्यालयमा उच्च पद मात्रै होइन, प्राध्यापक कर्मचारीको नियुक्ति दलको भागवण्डा र कोटामा हुन्छ। प्राध्यापक र कर्मचारीका दलपिच्छे संगठनहरुमा आवश्यकताको मूल भावना दलतन्त्रमार्फत् फाइदा उठाउने हुन्छ। यसका थुप्रै उदाहरण यस पङ्क्तिका लेखकसँग पनि छ। पाठकका लागि ती मध्ये एउटा उदाहरण पेस गर्न चाहन्छु। म त्रि.वि.को एउटा आंगिक क्याम्पसमा कार्यरत हुँदाको घटना हो। क्याम्पसमा कुनै एक विषयको लागि तीनजना आंशिक शिक्षकको माग गरियो। तीनवटाको ठाउँमा दुईवटा नै पुग्ने थियो तर कांग्रेस, एमाले, माओवादीलाई एक-एकवटा भाग चाहिने।

सार्वजनिक सूचना प्रकाशित भएकाले धेरैले दरखास्त दिनु स्वाभाविक थियो। प्रक्रिया पूरै मिलाइएको थियो। आवेदन दिनेमध्ये एकजनाको स्नाकोत्तरमा अत्यन्त धेरै नम्बर थियो तर उहाँ छनोट हुने सम्भावना थिएन। किनकि उहाँ कोटामा पर्नुभएको थिएन। एकदिन एकाबिहान उहाँ मेरो घरमा आउनुभयो। के हुन्छ सर भनेर सोध्नुभयो। मैले सत्य लुकाउन सकिन र भनिदिएँ- अरु सबै नाटक हो, दलीय भागवण्डामा नियुक्ति हुन्छ। उहाँ चिन्तित हुँदै भन्नुभयो- 'हुन त म पनि वामपन्थी हो'। माआवादी र एमालेको कोटाबाट नियुक्त हुने व्यक्ति निश्चित भैसकेको थियो। त्यसैले उहाँ ती दलको कोटाबाट नियुक्ति हुने सम्भावना थिएन। तिनताका विप्लव समूह निर्वाचन बहिष्कारको क्रममा भूमिगत थियो। मैले विप्लव समूहसँग सम्पर्क राख्न भनेँ। उहाँले विप्लव समूहको रसिद (सम्बन्धित दल निकट प्राध्यापक संघको सदस्यता) काट्नुभयो कि भएन, मलाई थाहा भएन तर विप्लव निकट विद्यार्थीले क्याम्पस प्रमुखको कार्यकक्षमा ताला लगाइदिए। भर्ना प्रक्रिया अवरुद्ध भयो।

अन्ततः तीन सिटको लागि गरिएको दरखास्त आह्वानलाई बढाएर ४ गरियो र उहाँ विप्लव समूहको कोटाबाट नियुक्त हुनुभयो। यो त एउटा सामान्य उदाहरण हो। दलका अगाडि योग्यता, क्षमता पराजित भएका यस्ता सयौं उदाहरण छन्। प्राध्यापकजस्तो पेसामा योग्यताको मापदण्ड प्राज्ञिक क्षमता हैन, दलको कोटामा हुन्छ भने त्यसको पढाइको स्तर कस्तो होला ? विश्वविद्यालयका उच्च पदाधिकारी, डिन, क्याम्पस प्रमुखलगायतको नियुक्ति दलको भागवण्डाको आधारमा हुने भएपछि आफ्नो पेसागत उन्नति, अध्ययन-अनुसन्धानबाट होइन, दल र नेताको चाकरीबाट हुने भएपछि त्यसको परिणाम कस्तो होला ? शिक्षा, स्वास्थ्य, निजामती, संस्थानलगायतका क्षेत्रमा कार्यरतले मेरो पेसागत प्रगति, मेरो पेसागत निष्ठाबाट हैन, नेता र दलको चाकरीबाट हुन्छ भन्ने बोध भएपछि ऊ आफ्नो पेसाप्रति कति निष्ठावान् होला ?

नागरिक समाजका सबै अंग दलीय राजनीतिको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा छन्। पत्रकारहरु हुन् वा वकिल, निजामती हुन् अथवा संस्थानका कर्मचारी वा विश्वविद्यालयजस्ता स्वायत्त संस्थाहरु नै किन नहुन्, सबैमा दलतन्त्रको छायाँ छ। केन्द्रका संवैधानिक निकायदेखि गाउँघरका विद्यालय व्यवस्थापन, कुलोपानी समिति, वन समिति सबै क्षेत्रमा यसको प्रभुत्व छ। दलीय राजनीतिले छुनै नहुने रेडक्रसजस्ता विशुद्ध माननीय संस्थादेखि साझा आस्थाका केन्द्र मठमन्दिर, गुम्बा, मस्जिद, चर्चसम्म दलतन्त्रले आफ्नो प्रभाव विस्तार गरेर नकारात्मक असर पारेको छ। यसले गर्दा कतिपय कुरामा हुने साझा चिन्तन, साझा सहकार्य र साझा प्रतिबद्धता हुन नदिएर अनावश्यकरुपमा समाजमा तिक्तता उत्पन्न गराएको छ। समाजलाई स्वतन्त्र, स्वचालित र स्वायत्त हुनुमा बाधा सिर्जना गरेर लोकतान्त्रिक संस्कृतिको विकासमा अवरोध हुन पुगेको छ।

दलतन्त्रले हाम्रो सम्पूर्ण राज्य निकायदेखि समाजका सबै संस्थाहरुमा नकारात्मक प्रभाव पारेको कुरामा दलका शीर्ष नेतादेखि सबै सहमत छन्। बेलामौकामा यस्तो परम्परा अन्त्य हुनुपर्दछ भनेर सार्वजनिक रुपमा भनेको पनि सुनिन्छ तर तिनैले व्यवहारमा दलतन्त्रलाई बढावा दिएर दोहोरो मापदण्ड कायम गरेका छन्। दलतन्त्र यति जबरजस्त छ कि दलीय भागवण्डामा कुरा नमिल्दा नेपालमा सत्ता गठबन्धन टुटेका उदाहरण छन्।

लोकतन्त्रको आदर्श भनेको सबै किसिमको लोभ र भयबाट मुक्त हुनु हो। तर दलतन्त्रले मान्छेलाई लोभी बनाउँछ, चाकर बनाउँछ। राजनीतिमा दास संस्कृति उत्पन्न गर्दछ र नेता र नेतृत्वको पूजा गर्ने सामन्तकालीन राजनीतिक संस्कृतिलाई बढावा दिन्छ। दलतन्त्रले आलोचनात्मक चेत कमजोर पार्दछ। किनभने नेताको आलोचना गरे अवसर र सुविधा नपाउने भय रहन्छ। नेपालमा नागरिक समाज र बुद्धिजीवीहरुमा समेत आलोचनात्मक चेत कमजोर हुनुमा दलतन्त्रले उत्पन्न गरेको यस मनोविज्ञानले प्रमुख रुपमा काम गरेको छ। दलतन्त्रको विरोध गर्नुको अर्थ दलविहीनताको समर्थन गरेको पटक्कै होइन। लोकतान्त्रिक समाजमा विचारको बहुलता हुने भएकाले ती विचारको प्रतिनिधित्व गर्ने बहुदल हुनु, नागरिक स्वेच्छाले तिनमा संलग्न हुनु स्वाभाविक हो।

दलगत संलग्नता नभएकाहरु पनि विचारधारात्मक रुपले कसैको नजिक हुनु पनि अस्वाभाविक होइन तर यी सबै प्रक्रियाका लोकतान्त्रिक मूल्य-आदर्श कायम राख्न, स्वतन्त्र जनमत निर्माण गर्न दलीय योग्यताको आधारमा होइन, योग्यता, क्षमता र मेहनतका आधारमा मेरो प्रगति हुन्छ भन्ने आम जनतामा विश्वास दिलाउन, राज्यले जाति, वर्ग, समुदाय, लिङ्ग आदिको साथै निश्चित दलमा संलग्न भए वा नभएको आधारमा भेदभाव हुँदैन भन्ने व्यवहारमा नागरिकलाई विश्वास दिलाउन दलतन्त्रको समाप्ति अनिवार्य छ। यसले मात्र जनतामा राज्यप्रति गुमेको विश्वास पुनः स्थापना गर्दै, लोकतन्त्र र गणतन्त्रप्रति जनतामा उत्साह स्थापना गर्दै, लोकतन्त्र र गणतन्त्रलाई थप बलियो पार्नुको साथै दलतन्त्रलगायत अहिले देखिएको विकृतिको फाइदा उठाएर लोकतन्त्र, गणतन्त्रमाथि नै प्रहार गर्ने शक्तिहरुलाई कमजोर पार्नेछ। समाचारपत्रबाट

# सेयर बजार २८.९१ अङ्कले बढ्यो



काठमाडौँ। सेयर बजार निरन्तर रूपमा बढ्दै गएको छ। साताको पहिलो दिनदेखि नै बढेको बजारले मंगलबार तेस्रो दिन पनि निरन्तरता पाएको हो। सेयर बजार परिसूचक नेप्से २८.९१ अङ्कले बढेर २६६०.३९ मा पुगेको हो। अघिल्ला दुई दिनमध्ये आइतबार बजार २६.५३ अङ्क र सोमबार ९.१९ अङ्कले बढेको थियो।

बजारमा ७ अर्ब ३ करोड रुपैयाँ बराबरको सेयर खरिद बिक्री भएको छ। कुल १ करोड ५७ लाख कित्ता सेयर कारोबार भएको छ। कारोबार बढेपनि यो रकम अघिल्ला दिनको तुलनामा कम हो। बजारमा २४८ कम्पनीका ३०९ स्क्रिपको कारोबार भएको छ। जसमध्ये २१७ कम्पनीको मूल्य बढ्दा जम्मा ३१ कम्पनीको मात्र घटेको छ।

कारोबार रकमको आधारमा एनआरएन इन्फ्रास्ट्रक्चर शीर्ष स्थानमा रह्यो। उक्त कम्पनीको ४६ करोड १६ लाख रुपैयाँको सेयर कारोबार भएको छ। राधी विद्युत् कम्पनी र बुटवल पावर कम्पनी त्यसपछि क्रमशः उच्च कारोबार भएका कम्पनी रहेका छन्।

सबैभन्दा धेरै कमाउने सामुदायिक लघुवित्त, न्यादी हाइड्रोपावरका लगानीकर्ता रहे। यी दुवै कम्पनीको शेयर मूल्यमा ९.८७ प्रतिशत वृद्धि भएको छ। त्यसैगरी वरुण हाइड्रोपावर र राप्ती हाइड्रोपावरका लगानीकर्ताले पनि ८ प्रतिशतभन्दा बढी कमाएका छन्।

# तरकारी र दूध बेचेर मासिक एक लाख आम्दानी

ढोरपाटन। बुर्तिबाङ बजारसँगै जोडिएको भब्रेटा गाउँ छ। भब्रेटा गाउँमा उक्लिँदा बित्तिकै ठूलो कृषि फार्म देखिन्छ। फार्ममा लहलह फलेका काँक्रा, गोडेडा, काउली र बन्दा। फार्म छेउमै रहेको बारीमा भेटिनुहुन्छ चन्द्रलाल पाण्डे। बारीको घाँस काट्ने, तकारीमा पानी लगाउने र भैँसी दुहुने चन्द्रलालको दैनिकी नै हो। आकस्मिक कामबाहेक उनी फार्म छाडेर कतै जादैनन्। जानका लागि उनलाई फुर्सद पनि हुँदैन।

करिब २० वर्ष अगाडि कतार पुगेका चन्द्रलालले पाँच वर्ष उहीँ बिताए। परदेशी भूमि, दुःखको काम त्यसमाथि साहुको गालीबोली जसले गर्दा उनलाई विदेश बस्नै मन भएन। पाँच वर्ष बिताएपछि उनी स्वदेश फर्किए। गाउँ फर्किएपछि उनले विक्रम संवत् २०६७ देखि व्यावसायिक रुपमा तरकारीखेती गर्न र बिस्तारै भैँसी पालेर दूध बिक्री गर्न पनि थाले। अहिले चन्द्रलालले तरकारी र दूध बिक्री गरेरै राम्रो आम्दानी गर्दै आएका छन्।

उनले २४ रोपनी क्षेत्रमा तरकारीखेती गरेका छन् भने पाँचवटा भैँसी पालेर दैनिक ३० लिटर दूध बिक्री गर्दै आएका छन्। बुर्तिबाङ बजार नजिकै रहेको हुँदा उनले उत्पादन गरेको तरकारी र दूध बिक्रीका लागि समस्या छैन। जति पनि बजारमै खपत हुने हुँदा उत्पादन बढाउनतर्फ उनी लागेका छन्। पन्ध्र वर्षसम्म निरन्तर तरकारीखेती र दूध उत्पादन गर्दै आएका चन्द्रलाल विदेशमा भन्दा बढी खुसी र सुखी छन्। विदेशको पीडाले आफूलाई गाउँमै उद्यमी बन्न सिकाएको उनी बताउँछन्।

"म विदेश जानभन्दा पहिला पनि सामान्य रुपमा तरकारीखेती गरेको थिए, तर अहिले जस्तो व्यावसायिक बन्न सकेको थिएन, धेरै कमाइएला भनेर कतार पुँगे, त्यहाँ त निकै कडा काम गर्नु पर्दोरैछ, साहुको नमिठो गालीबोली सहन नसकेर गाउँ फर्किएर यही केही गरौँ भनेर लागेँ", उनले भने-"म अहिले ४० वर्ष भए, मेरा उमेरका धेरै युवा विदेश छन्, गाउँ फर्किएर व्यावसायिक रुपमा तरकारीखेती गर्ने हो भने साउदी कतारमा भन्दा बढी आम्दानी गर्न सकिन्छ।"

उनले तरकारी र दूध बेचेरै आठ जनाको परिवार चलाएका छन्। बुबा, आमा, श्रीमती र चार छोराछारी यही पेसाबाटै धानेको उनको भनाइ छ। पहिले घरपरिवार चलाउनका लागि समस्या हुने गरेको स्मरण गर्दै तरकारीखेतीले सहज रुपमा जीवनयापन गर्नसक्ने बनाएको पाण्डेले बताए। खासगरी हिउँदको बेमौसरी तरकारी उत्पादन गर्दै आएको उनले सुनाए। सुरुमा आफूले रु १५ हजारबाट व्यवसाय सुरु गरेको भन्दै अहिलेसम्म करिब रु ३५ लाख लगानी भएको उनको भनाइ छ।

कृषि ज्ञान केन्द्र बागलुङले टनेल, भकारो गर्न र अन्य व्यस्थापनका लागि रु १५ लाख सहयोग गरेको जनाउँदै उनले नगरपालिकाबाट अपेक्षित सहयोग पाउन नसकेको गुनासो गरे। आफूले पूर्णकालीन रुपमा एकजना कामदार राखेर रु १८ हजार तलब दिने गरेको सुनाउँदै समयसमयमा गाउँका अन्य युवालाई पनि रोजगार दिने गरेको उनको भनाइ छ। चन्द्रलालले तरकारी र दूध बेचेर मासिक रु एक लाख आम्दानी गर्ने सुनाए। तरकारीखेतीबाट केही सम्पत्ति जोडेको उनी बताउँछन्।

उनले भने-"तरकारीखेतीले मेरो आर्थिक अवस्था पनि उकास्यो, पहिले छ मुरी धान फल्ने खेत मात्रै थियो, अहिले मैले थप ३४ मुरी धान खेत किने, तराईमा एउटा घडेरी जोडेको छु, धैर्य भएर मेहनत गरेपछि सफलता हासिल गर्न सकिने रैछ भन्ने बुझ्दैछु, यो पेसाबाट मेरो सिङ्गो परिवार नै सन्तुष्ट छ, सक्दासम्म यही पेसा गर्ने हो, बाँकी पछि छोराछोरीले केही इलम गर्नेछन्, आत्मसन्तुष्टि सबैभन्दा ठूलो कुरा रैछ, धन सम्पत्ति त मेहनत गरे जोडी हालिन्छ।"



**समस्या ग्रस्त सडक**

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरको नवलपुरको बुलिङटार र गैंडाकोटको सीमा क्षेत्रमा रहेको समस्या ग्रस्त सडक। वर्षा परेसँगै खोलामा आएको बाढीले सडकमा आवतजावत गर्न समस्या हुने गरेको छ। पाल्पाको रामपुर नगरपालिका हुँदै नवलपुरको गैंडाकोटलाई जोड्ने यो सडकखण्ड छोटो दुरीको सडकमार्ग हो। तस्विर : सुशीला रेग्मी/रासस

# झोलुङ्गे पुलले छोटियो यात्रा

गुल्मी । वर्षौंदेखि खोलामा पुल नहुँदा स्थानीयले पाँच मिनेटको दूरीमा पुग्न पनि घण्टौँ समय खर्चिनु पर्दथ्यो । वारिपारि गर्नु परेमा वर्षाको समयमा जोखिम मोलेर खोला तर्नु पर्थ्यो । तर, अहिले भने पाँच मिनेटको दूरीमा सहजैसँग स्थानीय वारिपारि गर्दै आएका छन् ।

दुई वडाका गाउँ जोड्नका लागि पुलले निकै सहज बनाएको छ । रुरुक्षेत्र गाउँपालिका-१ र २ अन्तर्गत थोर्गा तथा ग्वादीको बीचमा झोलुङ्गे पुल निर्माण भएसँगै स्थानीय यतिबेला खुसी बनेका छन् । पुल बनेपछि वारिपारि गर्न र अर्मपर्म गर्न, बिहे भतेर र आपत्विपद्मा गाउँलेलाई एकापसमा सहयोग गर्न सजिलो बनाएको छ ।

लुम्बिनी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत् रु एक करोड ८६ लाखको लागतमा रुरुक्षेत्रमा उक्त पुल निर्माण गरिएको हो । झोलुङ्गे पुलले पालिकाको वडा नं. १ को गोलपोखरी र वडा नं. २ को चौर फाँटलाई जोडेको छ ।

झोलुङ्गे पुलले दुई गाउँलाई नजिक बनाउनाका साथै किसानलाई उत्पादिन कृषिजन्य सामग्री बजारसम्म पुर्याउन थप सहज भएको गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले बताए ।

स्थानीय तह निर्माणपछि रुरुक्षेत्रमा मात्रै ग्वादीसहित छम्दी, तालखोला र गोलपोखरी-बैंसीकाचौर गरेर चारवटा झोलुङ्ग पुल निर्माण भइसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले बताए । पुलको अभावमा विद्यार्थी नहुँदा थोर्गाको कालीगण्डकी प्राथमिक विद्यालयलाई रिडीमा समायोजन गर्नुपर्ने अवस्था बनेको थियो ।

विद्यार्थीलाई विद्यालय पुग्न डेढदेखि दुई घण्टा पैदल हिँड्नुपर्ने बाध्यता थियो । अहिले ग्वादीका विद्यार्थी पुल तर्ने बित्तिकै बस चढ्न पाउने स्थिति बनेको रुरुक्षेत्र-२ ग्वादीका बासिन्दा ६६ वर्षीय त्रिलोचन ज्ञवालीले बताए । रामकृष्ण एसआरजेभीले निर्माण गरेको उक्त पुलको लम्बाइ ३४२ मिटर र उचाइ १३७ मिटर रहेको छ ।

# कृषकहरूलाई कृषि यन्त्र प्रदान



देवदह । देवदह नगरपालिकाले साझेदारीमा कृषकहरुलाई कृषि यन्त्र प्रदान गरेको छ । देवदह नगरपालिकाको १० र कृषकहरुको १० गरी २० लाख बराबरको कृषि यन्त्र एक कार्यक्रमका बिच कृषकहरुलाई प्रदान गरिएको हो । उत्पादन लागत घटाई उत्पादन वृद्धि गर्नको लागि ५० प्रतिशत अनुदानमा कृषकहरुलाई कृषि यन्त्र प्रदान गरिएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले वाटर टिलर ३ थान, बम्वाइन ६ थान, मिनिटिलर ९ हर्षपावरको १४ थान, मिनिटिलर ७ हर्षपावरको २ थान, मकै गोड्ने मेसिन ५ थान, मकै छोडाउने मेसिन ३ थान र मकै लगाउने/रोप्ने मेसिन ४ थान कृषकहरुलाई हस्तान्तरण गरिएको कृषि शाखा प्रमुख राजेन्द्र चौधरीले जानकारी दिए । व्यवसायिक कृषकहरुलाई लक्षित गरी मागको आधारमा कृषि यन्त्र हस्तान्तरण गरिएको चौधरीले जानकारी दिए ।

सोही अवसरमा बोल्दै देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले कृषि उपकरणलाई सदुपयोग गर्दै उत्पादन वृद्धितर्फ लाग्न कृषकहरुलाई आग्रह गरे । उनले नगरपालिकाले उत्पादन वृद्धि र उत्पादन लागत घटाउनको लागि प्रत्येक वर्ष कृषि उपकरण कृषकहरुलाई प्रदान गरिएको बताउँदै कृषि पेशालाई व्यवसायिक बनाउन आवश्यक रहेकोमा जोड दिए ।

नगरप्रमुख खरेलले कृषि यन्त्रलाई सही तरिकाले उपयोग गरमा उत्पादन वृद्धि हुने बताए । उनले उत्पादन लागत बढी भएका कारण जग्गा बाँझो रहेको बताउँदै जग्गा बाँझो राख्न नहुनेमा जोड दिए ।

नगर प्रमुख खरेलको अध्यक्षता, उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गको स्वागतमा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत मधुकृष्ण पौडेल, कृषि शाखा प्रमुख राजेन्द्र चौधरीलगायतको सहभागिता रहेको थियो । कृषि शाखाका कृषि प्राविधिक पविन्द्र मल्लको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

## निजामती...

संसदीय मूल्य मान्यताविरुद्ध गरिएको यस्तो गम्भीर अपराध अस्वीकार्य हुने उनको भनाइ छ ।

एकीकृत समाजवादीका सांसद राजेन्द्र पाण्डेले पनि सभापतिको मिलेमतोविना यस्तो चलखेल सम्भव नहुने बताए । पाण्डेले कुलिङ पिरियडमा भएको चलखेल सरकारलाई धम्की दिने सचिवहरुको काम भएको आरोप लगाएका छन् । उनले लामो छलफलपछि रक्षा, गृह, संघीय मामिला र शिक्षा मन्त्री बसेर दुई वर्षको कुलिङ पिरियडमा सहमति गरिएकोमा एक थरी सचिवहरु प्रधानमन्त्रीलाई संयुक्त रुपमा राजीनामा दिन्छौं भनेर धम्की दिन गएको र उनीहरुकै मिलेमतोमा चलखेल भएको हुनसक्ने आशंका गर्ने ठाउँ प्रशस्त रहेको बताए ।

उनले भने-'लामो छलफलपछि ४ जना मन्त्री बसेर रक्षा, गृह, संघीय मामिला र शिक्षामन्त्री बसेर गृहमन्त्रीले नै दुई वर्षको कुलिङ पिरियडमा सहमति भयो भनेर सुनाउनु भएको हो । यो विधेयक त्यसपछि पास भएको हो । एक थरी सचिवहरु प्रधानमन्त्रीलाई संयुक्त रुपमा राजीनामा दिन्छौं भनेर धम्की दिन गए भन्ने सुनेको हो । निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभइ कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउनेछैन । हामीले पास गरेको विषय यही हो । अब यसलाई खण्डन हुनेगरी संसदमा पेश भएको जुन पुरानो विधेयक थियो, त्यसैमा बाँकी पनि जोडेर हालिदिएको छ । जुन कुरा चाहिँदैन । यो बनाउनमा जो जो धम्कीपूर्ण ढंगले सचिवहरु लागेका थिए, तिनैको खेल भयो भन्न सकिन्छ ।'

यसमा संलग्नहरुलाई कारबाही नगरेसम्म राज्य व्यवस्था समितिको बैठक बस्न नसक्ने उनको भनाइ छ ।

रास्वपाका सांसदहरूले पनि खतिवडाको राजीनामाको माग गरेका छन् । रास्वपा सांसद सुमना श्रेष्ठले कर्मचारीलाई देखाएर सभापति उम्कन नपाउने बताइन् ।

एमाले सांसद पदम गिरीले पनि सिंगो संसद्लाई बदनाम गराउने काम भएको बताए ।

सभापति रामहरि खतिवडाले त्यसरी विधेयकमै प्रावधानहरू हेरफेर भएको विषयमा कर्मचारीमाथि दोष दिँदै आफ्नो गल्ती नभएको दाबी गरेका छन् । यसमा छानबिन समिति बन्ने उनको भनाइ छ । छानबिन गरेपछि मात्र राज्य व्यवस्था समितिको बैठक बस्ने उनले बताए । कानुन निर्माणको प्रक्रियामा गम्भीर षड्यन्त्र भएको उनको टिप्पणी छ । 'हामीले यस विषयमा छानबिनका लागि सभामखुज्यूलाई आग्रह गरेका छौं,' उनले भने-'मेरो गल्ती देखिए ठाउँमा छानबिनका लागि म तयार छु ।'

विधेयकका विषयमा छलफल गर्ने र प्रतिवेदन तयार पारी प्रतिनिधिसभामा पेस गर्ने जिम्मेवारी पाएको राज्य व्यवस्था समितिले 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन'भन्ने व्यवस्था गरेको भनिए पनि त्यसलाई खण्डित गर्ने अर्को दफासमेत समावेश गरेको भेटिएको छ ।

विधेयकको दफा ८२ (४) मा 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन,' भन्ने व्यवस्था छ । तर त्यसलाई खण्डित गर्ने गरी दफा ८२, (५), (क) मा 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेकको पदमा' मात्र नियुक्ति लिन नपाइने भन्ने व्यवस्था गरी 'कुलिङ अफ पिरियड'को व्यवस्थालाई निष्प्रभावी बनाइएको हो ।

## झै...

यहाँका महिलाहरु अहिले व्यापार व्यवसायमा जोडिन थालेका छन् । सबरुन खातुनले पान पसलको ट्याङ्कि सञ्चालन गर्दै आइरहेकी छिन्, बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म उनी व्यापारमै रहन्छिन्, दिनको ६ सयदेखि ९ सयसम्म कमाई हुने गरेको उनी बताउँछिन् । उनी भन्छिन्-'खेतीबारी गर्दा हुने आन्दानीभन्दा व्यवसायमा सजिलो र कमाई पनि राम्रो छ । पुल हेर्न आउने मान्छेले खुशि हुँदै पान खान्छन् लैजान्छन् ।'

यसैगरी सुमित्रा हरिजनले पुलको अगाडि नै खाजाघर सञ्चालन गरेकी छन् । खाजाघरमा नारायणीको ताजा माछा खान पर्यटकको घुइँचो नै लाग्ने गरेको छ । उनका श्रीमान नारायणीमा माछा मारेर ल्याउँछन् भने सुमित्रा सासुआमासँगै खाजाघरमा व्यस्त रहन्छिन् । उनले मासिक ५० हजारसम्म आम्दानी गरेकी छन् । उनी भन्छिन्-'श्रीमान नारायणीमा माछा मार्ने र बेच्ने काम गर्छन्, म माईसँग होटल चलाउँछु खुशि छौं, पहिले पैसाको समस्या धेरै हुन्थ्यो, अहिले सजिलो भएको छ । दिनभर काम गर्छौं र साँझ सबै परिवारसँगै हुन्छौं ।'

त्यस्तै दैनिक ज्याला मजदुरी गरेर जीविका चलाइरहेकी लाजो मुसहरलाई पनि पुल बनेसँगै काममा जान निकै सहज भएको छ । विगत ११ वर्षदेखि उनी घर बनाउने काम र बर्खायाममा खेतीपातीको काममा हिंडेर जीवनयापन गरिरहेकी छिन् । उनी सम्झन्छिन्-'बर्खाको समयमा खेतीबालीको काम गर्न नारायणीमा डुङ्गाबाट वारि आएर साँझ घर फर्कने बेला नारायणी बढेर डुङ्गामा फर्कन नसकेपछि रातभर नदीकिनारमै बसेर रात कटाएको थियौं ।'

पानीको बहाव कम भएपछि डुङ्गामा घर फर्किने, तर घर पानीले भरिएको थियो । अन्नपात सार्न नपाउँदा सबै फाल्नु परेको उनी बताउँछिन् अहिले पुल बनेसँगै दिनभर काममा जाँदा घर कसरी फर्कने भन्ने पिर अहिले नलाग्ने गरेको लाजो बताउँछिन् । उनी जस्तै गीता मुसहर, मोहरम मुसहर, सुनितादेवी कुर्मी दैनिक ज्याला मजदुरीका लागि अहिले गोपीगञ्ज, सेमरी, बर्दघाट, परासीसम्म पुग्ने गरेका छन् ।

सुस्ता गाउँपालिकाकी उपाध्यक्ष गीता चौधरीले सुस्तामा बनेको झोलुङ्गे पुल केवल एक भौतिक संरचना नभएर यहाँका महिलाहरूका लागि आर्थिक उन्नतिको बाटो बनेको बताउँछिन् । उनी भन्छिन्-'नारायणी नदीमाथि बनेको पुल आमा र शिशुका लागि सुरक्षित जीवन र बालबालिकाहरूका लागि उज्ज्वल भविष्यको ढोका बनेको छ ।' पुल बनेसँगै सुस्तापारिका सर्वसाधरणको जनजीवन फेरिएको छ । आर्थिक परिवर्तन देखिएका छन् ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**(प्रशासन शाखा),**
रूपन्देही

सिद्धार्थनगर
मितिः- २०७२/११/११

**बिषय :- व्यक्ति प्रमाणित ।**

**जो जससँग सम्बन्ध छ ।**

जिल्ला रूपन्देही वुटवल उप महानगरपालिका वडा नं. १३ बस्ने रन वहादुर दगामीले आफु भारतीय सेनाको भू.पु.सै.नं. ५४४१५१९ सिपाही दर्जाको ६/८ जि.आर. को पेन्सनर भएको, आफ्नो श्रीमतिको नागरिकता प्रमाण पत्रमा नामथर हरिमाया दगामी भएको र सैनिक अभिलेखमा मन सुभा मायारी हुन गै नामथर फरक पर्न गएतापनि व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरि पाउँ भनि वुटवल उप महानगरपालिका कार्यालयको च.नं. २९३३ मिति २०७२/१०/५ को सिफारिशसाथ नागरिकता, सैनिक अभिलेखको फोटोकपि संलग्न राखी निवेदन दिनु भएको ।सो सम्बन्धमा वुटवल उप महानगरपालिका कार्यालयको सिफारिश र इलाका प्रहरी कार्यालय, वुटवलको च.नं.२६०७ मिति २०७२।११।१० को पत्रसाथ संलग्न प्रहरी सर्जमिन मुचुल्काबाट भारतीय सेनाको भू.पु.सै.नं. ५४४१५१९ सिपाही दर्जाको ६/८ जि.आर.को पेन्सनर रन बहादुर दगामीको श्रीमतिको नागरिकता प्रमाण पत्रमा नामथर हरिमाया दगामी र सैनिक अभिलेखमा मन सुभा मायारी हुन गै नामथर फरक पर्न गएतापनि व्यक्ति एउटै भएको भनि लेखि आएको व्यहोरा पेन्सन प्रयोजनका लागि मात्र प्रमाणित गरिएको छ ।



( बिष्णु प्रसाद ढकाल )
प्रमुख जिल्ला अधिकारी

**भूमि सुधार तथा मालपोत कार्यालय भैरहवाबाट छुट जग्गा दर्ता सम्बन्धमा जारी भएको ३५ दिने सार्वजनिक सूचना**

उप्रान्त जिल्ला नवलपरासी रामग्राम नगरपालिका वडा नं. ३ बस्ने शालिक राम विष्ट/राम कुमारी बिष्टको छोरी नरबहादुर थापाको बुहारी महेश बहादुर थापा क्षेत्रीको श्रीमती सरोजादेवी थापाले साविकमा निजकी आमा राम कुमारी बिष्ट र भाउजु लाल कुमारी बिष्टको नाउँमा नापी भई दर्ता छुट हुन गएको जिल्ला रुपन्देही साविक छोटकी रामनगर गा.वि.स वडा नं ९ को कि.नं. ३७४ ज.वि. ०-३-० र ऐ.ऐ ८क कि.नं २५० ज.वि. ०-३-१२ को कित्ता जग्गा मालपोत ऐन २०३४ को दफा ७(२) र नेपाल राजपत्रमा मिति २०८०/१०/११ मा प्रकाशित सूचना बमोजिम छुट जग्गा दर्ता गरिपाउँ भनी मिति २०८२/०२/२५ मा माग निवेदन पर्न आएकोले निवेदकको माग बमोजिम छुट जग्गा दर्ता गर्दा अन्य कसैको हकदैयामा असर पर्ने तथा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए स-प्रमाण सहित आफै वा वारेसमार्फत यो सूचना प्रकाशन भएको बाटोको म्याद बाहेक ३५ दिनभित्र हकदावीको लागि आउनुहोला, अन्यथा सो म्याद नाघेमा कानून बमोजिम भई जाने ब्यहोरा अनुरोध छ ।

जग्गाको विवरण

| जिल्ला | साविक गा.वि.स | वडा नं. | कित्ता नं. | ज.वि. | फिल्लडबुकको बिवरण |
|---|---|---|---|---|---|
| रुपन्देही | छोटकी रामनगर | ९ | ३७४ | ०-३-० | राम कुमारी बिष्ट र लाल कुमारी बिष्ट |
| " | " | ८ क | २५० | ०-३-१२ | " |

इति सम्बत २०८२ साल आषाढ १६ गते रोज २ शुभम् ।

**बिमालेख हराएको सूचना ।**

मेरो निम्न विवरण भएको एसिन लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख मिति २०८२।०२।११ गते बर्दघाट देखी परासी जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नाम** : **कृतिका अधिकारी**
**ठेगाना** : **बर्दघाट-४ नवलपरासी**
**बिमालेख नं.** : ५४१२००१७८०८
**मोबाइल नं.** : ९८४७२९८०९८

**बिमालेख हराएको सूचना ।**

मेरो निम्न विवरण भएको एसिन लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख मिति २०८२।०२।११ गते बर्दघाट देखी परासी जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नाम** : **समिर अधिकारी**
**ठेगाना** : **बर्दघाट-४ नवलपरासी**
**बिमालेख नं.** : ५४१२००१७८०९
**मोबाइल नं.** : ९८६७४२८६१३

**बिमालेख हराएको सूचना ।**

मेरो निम्न विवरण भएको एसिन लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख मिति २०८२।०२।११ गते बर्दघाट देखी परासी जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नाम** : **अपेक्षा तिवारी**
**ठेगाना** : **बर्दघाट-४ नवलपरासी**
**बिमालेख नं.** : ५४१२००१७८०७
**मोबाइल नं.** : ९८४७२९८०९८

**नाम परिवर्तन भएको सम्बन्धी सुचना**

पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ४ मा रजिस्टर्ड कार्यालय रहेको आई.टि.जक्सन इन्स्टिच्युट अफ मेडिकल साइन्स एण्ड एप्लाइड टेक्नोलोजी प्रा.लि.को नाम परिवर्तन भई वाई.बि. इन्जिनियरिङ्ग मल्टि कन्सल्ट एण्ड सप्लायर्स प्रा.लि. भएको ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**वाई.बि. इन्जिनियरिङ्ग मल्टि कन्सल्ट एण्ड सप्लायर्स प्रा.लि.**
तानसेन ४ ,पाल्पा मो.नं.९८५७०६५१८३

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# बुटवलमा आज रोजगार मेला




बुटवल । बुटवलमा आज एकदिने बुटवल रोजगार मेला २०८२ हुने भएको छ । बुटवल उप-महानगरपालिकाको आयोजनामा हुन लागेको मेलाको सम्पूर्ण तयारी पूरा भएको उपहानगरले पत्रकार सम्मेलन आयोजना गरी जानकारी गराएको हो ।

बुटवलको दीयालो फुडल्याण्ड कालिकानगरमा बिहान १० बजेदेखि साँझ ५ बजेसम्म मेला सञ्चालन हुन लागेको उप-महानगरका प्रवक्ता शिव रानाले जानकारी दिए ।

बुटवलभित्र तथा आसपासका रोजगार खोजिरहेका युवाहरु, सेवा प्रदायक एवं रोजगारदाता, तालिम प्रदायक संस्थाहरुलाई एउटै स्थानमा ल्याई उद्योग, व्यवसाय, पर्यटन, होटल, प्रविधि, कृषि, सेवा, उत्पादनलगायतमा रोजगारी प्रदान गरिने बुटवल उप-महानगरपालिका रोजगार संयोजक अरविन्द पाण्डेले जानकारी दिए ।

मेलामा यस वर्ष ४ हजार जनाले अवलोकन गर्ने लक्ष्य लिइएको बुटवल उप-महानगरपालिकाले जनाएको छ । गतवर्ष ३८ जनाले रोजगारी पाएको जानकारी दिँदै यसवर्ष रोजगारदाताबाट ७ सय जना दक्ष कर्मचारी माग भएको उमहानगरले जनाएको छ ।

# ४० लाखभन्दा बढीको चिनी नष्ट



**गौरीशंकर जयसवाल**
*परासी*

महेशपुर भन्सार कार्यालय नवलपरासीले खान अयोग्य चिनी खाल्डोमा पुरेर नष्ट गरेको छ । महेशपुर भन्सार कार्यालयमा खान अयोग्य भन्दै चार वर्षअघि गोदाममा राखिएको चिनीलाई मंगलबार स्थानीय झरही खोलामा खाल्डो खनेर नष्ट गरिएको हो । खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय बेलहियाले बोराहरुमा लेबल र सिल उल्लेख नगरिएकाले उपभोग गर्न नमिल्ने र लिलाम गर्न नमिल्ने भनेपछि झारही खोलामा खाना अयोग्य रहेको चिनी सुरक्षाकर्मी ,पत्रकार सामजसेबीको सहभागितामा चिनी खाल्डोमा पुरेर नष्ट गरिएको महेशपुर भन्सार कार्यालय नवलपरासीका भन्सार प्रमुख विकास उपाध्ययले बताए ।

खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय बेलहियाले बोराहरुमा लेबल र सिल उल्लेख नगरिएकाले उपभोग गर्न नमिल्ने जनाएको थियो । चिनीको रसले भन्सार वरिपरि नै दुर्गन्ध हुन थालेपछि स्थानीय झरही खोला नजिक खाल्डो खनेर पुरिएको महेशपुर भन्सार कार्यालयका नायब सुब्बा लेखनाथ भण्डारीले जानकारी दिए ।

नष्ट गरिएको चिनी २ हजार बोरा रहेका छन् । भन्सार कार्यालयले ६२ हजार ७ सय केजी चिनीको मूल्य प्रति केजी ६४ का दरले कुल ४० लाख १२ हजार ८ सय कायम गरेर नष्ट गरिएको नायब सुब्बा भण्डारीले बताए ।

२०७८ असार महिनामा पश्चिम र पूर्वी नवलरासीका विभिन्न स्थानबाट उक्त चिनी बरामद गरिएको थियो ।

# ४ जीपीएको खुशियालीमा गार्गीको र्‍याली




बुटवल । बुटवल-११ देवीनगरस्थित गार्गी एकेडेमीले माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ४ जीपीएसहित उत्कृष्ट नतिजा ल्याएका विद्यार्थीलाई सम्मान गर्दै नगर परिक्रमा गराएको छ । मंगलबार बिहान विद्यालयबाट निस्किएको बाजागाजासहितको र्‍याली देवीनगर चौपारी, माझगाउँ, हात्तीसुढ, बुद्धनगर, मजुवा, जीतगढी, बेलबास, नयाँगाउँ, मगरघाट, रानीगञ्ज, सिमानगर, देवसिद्धचोक हुँदै विद्यालयमा पुगेर समापन भएको थियो ।

एसईईको नतिजामा गार्गीबाट आर्यन पल्ली र कौशल गौतमले चार जीपीए र सम्पन्न श्रेष्ठले ३.९६ जीपीएसहित शतप्रतिशत ७६ जना विद्यार्थी उत्तीर्ण गराउन सफल भएको विद्यालयका प्राचार्य भुवन अधिकारीले बताए । स्थापनाको छोटो समयमै विद्यालयले प्राप्त गरेको उपलब्धि विद्यार्थी, शिक्षक र अभिभावकको त्रिपक्षीय लगनशिलताले सम्भव भएको प्राचार्य अधिकारीले बताए ।

विद्यालयका अध्यक्ष झविन्द्र अधिकारीले विगतका नतिजा र उत्कृष्ट शैक्षिक वातावरणका कारण गार्गी अभिभावक र विद्यार्थीको रोजाइमा पर्न सफल भएको बताउँदै आगामी वर्षहरुमा थप सफलता प्राप्त गर्न विद्यालय लागिरहने जनाए । विद्यालयमा २ हजार ५०० भन्दा बढी विद्यार्थी अध्ययनरत रहेको मावि संयोजक समिर अधिकारीले जानकारी दिए ।

# बगनासकाली गाउँपालिकाको मध्यमकालीन खर्च संरचना निर्माण

**कृष्ण पोखरेल**
*पाल्पा*

बगनासकाली गाउँपालिका पाल्पाले तीन वर्षे मध्यमकालीन खर्च संचरना निर्माण गरेको छ । गाउँपालिकाको, विकास योजना र वार्षिक बजेटबिच सन्तुलन र समन्वय कायम गर्न, पालिकाको सीमित स्रोतलाई दीर्घकालीन विकास लक्ष्यसँग जोडेर प्राथमिकता निर्धारण गर्न, पालिकाको आगामी तीनदेखि पाँच वर्षसम्मको अनुमानित आय र खर्चको पूर्वानुमान तयार गर्न तथा पालिकाको अनावश्यक खर्च घटाएर, परिणाममुखी खर्च प्रणाली विकास गर्न तीन वर्षे मध्यमकालीन खर्च संचरना निर्माण गरेको पालिकाले जनाएको छ ।

मध्यमकालीन खर्च संचरना प्रतिवेदन बारेमा छलफल गर्दै गाउँपालिका अध्यक्ष सरस्वती दर्लामी चिदीले बगनासकाली गाउँपालिकाको स्रोत व्यवस्थापनलाई पारदर्शी प्रभावकारी र परिणाममुखी बनाउँदै, दीर्घकालीन विकास लक्ष्य हासिल गर्न संरचनाले स्पष्ट बाटो देखाएको बताइन् । पालिकाको बजेट तथा कार्यान्वयन पक्षलाई पारदर्शी र उत्तरदायी बनाउनको लागि मध्यमकालीन खर्च संरचना निर्माण गरेको अध्यक्ष दर्लामीले बताइन् । पालिकाले आउने आर्थिक वर्षदेखि मध्यमकालीन खर्च संचरनालाई आधार बनाएर बजेट र कार्यक्रम बनाउने अध्यक्ष दर्लामीले उल्लेख गरिन् ।

पालिकाको दिगो वित्तीय योजना, दीर्घकालीन दिगो आर्थिक अनुशासन र स्थायित्व कायम गर्न, क्षमता आधारित बजेट निर्माण, कार्यक्रमको नतिजा हेरेर स्रोत बाँडफाँट गर्न, सेवा प्रवाहमा स्थायित्व ल्याउन, शिक्षा, स्वास्थ्य, कृषि जस्ता सेवामा निरन्तरता र स्थायित्व प्रदान गर्न पालिकाले मध्यमकालीन खर्च संरचना निर्माण गरेको गाउँपालिका उपाध्यक्ष हरिप्रसाद पाठकले बताए । उनले नीति कार्यक्रम र बजेटबाटै कार्यान्वयन गर्ने संरचनाले पालिकालाई बाटो देखाउने जनाए ।

मध्यमकालीन खर्च संरचना निर्माणबाट सरकारका नीतिहरू र लक्ष्यहरूलाई कार्यान्वयन गर्न, विकास साझेदारहरूको विश्वास जित्न, नीति, योजना र बजेटलाई एकै ढाँचामा ल्याउने काम भएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत खेमराज छिनालले बताए । मध्यमकालीन खर्च संरचनाको माध्यमबाट सरकारको स्रोत व्यवस्थापनलाई पारदर्शी, प्रभावकारी र परिणाममुखी बनाउँदै दीर्घकालीन विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने लेखा अधिकृत कोशलराज पौडैलले उल्लेख गरे ।

छलफलमा सहभागी वडाध्यक्षहरूले मध्यमकालीन खर्च संरचना प्रतिवेदनको अध्यन गरेर आवश्यक सुझावहरु राख्ने बताए । आगामी दिनमा प्रतिवेदनलाई आधार बनाएर नै वडामा योजना संकलन, बजेट निर्माणमा ध्यान दिने वडाध्यक्षहरूले बताए । पाल्पा विकास केन्द्रको प्राविधिक सहयोगमा बगनासकाली गाउँपालिकाले तीन वर्षे मध्यमकालीन खर्च संरचना निर्माण गरेको हो । हरेक पालिकाले विकास योजना र वार्षिक बजेटबिच सन्तुलन र समन्वय कायम गर्न मध्यमकालीन खर्च संरचना निर्माण गरी वार्षिकरुपमा अध्यावधिक गर्नु पर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नीतिगत व्यवस्था गरेको छ ।

## पाणिनी गाउँपालिकाको अनुरोध

- बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौं :
- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं

अनुरोधक :
पाणिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

## एसइई उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई तथा शुभकामना

यस भैरहवा नमुना माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०८२/८३ का लागी कक्षा ११ मा तपसीलका विषय अध्ययनका लागि नयाँ भर्ना खुल्ला गरिएकोले समय मै आफ्ना छोरा छोरी भर्ना गरी ढुक्क हुन जानकारी गराईन्छ ।

| Subjects | Science | COMMERCE | COMMERCE | EDUCATION | HUMANITIES |
|---|---|---|---|---|---|
| MEDIUM | ENGLISH | ENGLISH | NEPALI | NEPALI | NEPALI |

- भर्ना फारम वितरण: २०८२ आषाढ १५ गतेदेखि
- भर्ना कार्यक्रम: २०८२ आषाढ १६ गतेदेखि
- छात्रवृति परिक्षा: २०८२ आषाढ २३ गते
- अभिमूखिकरण कक्षा: २०८२ श्रावण ७ गते विहान ७ बजे
- कक्षा सञ्चालन: २०८२ श्रावण ११ गते विहान ६ बजेदेखि

प्राचार्य
भैरहवा नमुना मा.वि.
सिद्धार्थनगर-५, रुपन्देही
सम्पर्क: ०७१-५७०९३३, ९८५१४११०७०, ९८५७०११०७०

# श्रवण शक्ति अति न्यून भएकालाई सुनाइयन्त्र वितरण



रुपन्देही । रुपन्देहीको सियारी गाउँपालिकाका श्रवण शक्ति अति न्यून भएकालाई सुनाइयन्त्र वितरण गरिएको छ।

गाउँपालिकाको आयोजना तथा श्रवण हियरिङ एन्ड चाइल्ड केयर प्रालि बुटवलको प्राविधिक सहयोगमा सियारी गाउँपालिकाका स्थानीयलाई परीक्षणपश्चात् एक कार्यमकाबिच सुनाइयन्त्र वितरण गरिएको हो ।

हस्तान्तरण कार्यक्रममा गाउँपालिकाका अध्यक्ष थानेश्वर घिमिरेले सियारीले जेष्ठ नागरिकको हक अधिकार तथा स्वास्थ्य सुरक्षामा प्रतिबद्ध रहेको उल्लेख गरे । उनले स्वास्थ्यमा गाउँपालिकाले लगानी गरेको बताउँदै आगामी दिनमा पनि स्वास्थ्यका क्षेत्रमा निरन्तर कार्य गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले सियारीले घरदैलो स्वास्थ्य उपचार उपलब्ध गराएर जेष्ठ नागरिक र असक्तलाई सेवा दिइरहेको उल्लेख गरे ।

प्रमुख प्रशासकीय अधिकृत असर जिसिले गाउँपालिकाले नीति कार्यक्रममा नै राखेर जेष्ठ नागरिकहरुको हितमा कार्यहरु हुँदै आएको दोहोर्‍याए ।

अमुवा स्वस्थ्य चौकीमा स्वास्थ्य परीक्षणपश्चात् श्रवणशक्ति अति कमजोर भएकालाई छनोट गरेर सुनाइयन्त्र वितरण गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख बुद्धि घर्तीले जानकारी दिए ।

श्रवण हियरिङ एन्ड चाईल्ड केयर प्रालि बुटवलका अडियोलोजिस्ट बिद्वान भुसालले जाँच गरिएकामध्ये १२ जनालाई सुनाइयन्त्र वितरण गरिएको बताए । उनले सबैको कानले सुनाइयन्त्र प्रयोग गर्न नमिल्ने भएकोले केहीलाई मात्र दिइएको जाकारी दिए ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com